# जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०२।१३

**संशोधनः**

प्रथम सशोधन मितिः- २०७६।०३।०५

संवत् २०७५ सालको ऐन नं. ११

**प्रस्तावना**: नेपालको संविधानको धारा २२० को उपधारा (८) बमोजिम जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "उपप्रमुख" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिम जिल्ला सभाले निर्वाचित गरेको जिल्ला समन्वय समितिको उप प्रमुखलाई सम्झनु पर्छ।

(ख) "जिल्ला सभा" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (२) बमोजिमका जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहेको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनु पर्छ ।

(ग) "जिल्ला समन्वय समिति" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिम निर्वाचित समितिलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिम जिल्ला सभाले निर्वाचित गरेको जिल्ला समन्वय समितिको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "बैठक" भन्नाले जिल्ला समन्वय समितिको बैठकलाई सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको बैठक समेतलाई जनाउँछ ।

(च) "सदस्य" भन्नाले जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यलाई सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाका सदस्य समेतलाई जनाउँछ ।

(छ) "सुविधा" भन्नाले यस ऐन बमोजिम जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यलाई दिइने सुविधालाई सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको बैठक भत्तालाई समेत जनाउँछ ।

३. **<u>सुविधा</u>** : (१) सदस्यले अनुसूची-१ मा तोकिए बमोजिमको सुविधा पाउनेछ ।
(२) उपदफा (१) बमोजिम प्राप्त हुने सुविधाको बिल भरपाई पेश गर्नु पर्ने छैन ।
[1](३) ..............................

४. **<u>यातायात सुविधा</u>** : (१) सामान्यतया प्रमुखलाई जिल्ला समन्वय समितिले हलुका सवारी साधन थान-एक उपलब्ध गराउनेछ ।
(२) उप प्रमुखलाई जिल्ला समन्वय समितिको आफ्नो आन्तरिक आय र राजश्वको अवस्था एवं कार्यबोझ समेतलाई दृष्टिगत गरी जिल्ला समन्वय समितिको निर्णय बमोजिम हलुका सवारी साधन थान-एक उपलब्ध गराउन सक्नेछ ।
(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा दिइने छैन ।
(४) यस दफा बमोजिम सवारी साधन सुविधा प्राप्त गर्ने सदस्यलाई सवारी इन्धन, मोबिल र मर्मत खर्च जिल्ला समन्वय समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

५. **<u>सुविधा पाउने</u>** : यस ऐन बमोजिमको सुविधा निर्वाचित भएको सदस्यले शपथ ग्रहण गरेको मिति देखि पाउनेछ ।

६. **<u>भ्रमण सम्बन्धी व्यवस्था</u>** : (१) जिल्ला समन्वय समितिको सदस्यले जिल्ला समन्वय समितिको कामको सिलसिलामा आफ्नो जिल्ला भन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची-१ मा उल्लेख भए बमोजिमको भ्रमण खर्च पाउनेछ ।

तर, भ्रमण गरी बास बस्नु नपरी सोही दिन आफ्नो कार्यक्षेत्रमा फर्किन सक्ने अवस्थामा सो दिनको लागि अनुसूची-१ मा तोकिएको दैनिक भ्रमण खर्चको एकचौथाई रकम पाउने छ ।
(२) यस ऐन बमोजिम जिल्ला समन्वय समितिले उपलब्ध गराएको सवारी साधनबाट भ्रमण गर्दा यातायात गर्दा लागेको खर्च पाउने छैन ।
(३) उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको बिमावापतको रकम सम्बन्धित जिल्ला सभाले निर्णय गरेबमोजिम हुनेछ ।
(४) उपदफा (१) बमोजिम भ्रमण गर्दा तीन दिनसम्मको भ्रमण आदेश प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि जिल्ला समन्वय समितिको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेछ ।

---
[1] पहिलो संशोधनद्वारा झिकिएको



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५

(५) उपप्रमुखले बढीमा दुई दिनसम्मको भ्रमण गर्नु पर्दा भ्रमण गर्नु पर्ने कारण प्रमुखलाई जानकारी गराई स्वयंले भ्रमण आदेश स्वीकृत गर्नेछ र सोभन्दा बढी दिनको लागि प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको भ्रमण गर्दा जिल्ला समन्वय समितिका सदस्यले प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यले एक पटकमा पन्ध्र दिनभन्दा बढी भ्रमण गर्नु परेमा सम्बन्धित जिल्ला सभाबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेछ ।

(८) यस दफा बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किए पछि भ्रमणबाट प्राप्त उपलब्धी सहितको व्यहोरा उल्लेख गरी भ्रमण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ र भ्रमण प्रतिवेदन पेश नगरि भ्रमण खर्च पाइने छैन ।

(९) भ्रमण सम्बन्धमा यस दफामा उल्लेख भए जतिका कुरामा यसै दफा बमोजिम र अन्य कुरामा प्रदेश कानूनको व्यवस्था नभएसम्म प्रचलित संघीय कानून बमोजिम हुनेछ।

७. **दृष्टिविहीन र अशक्त सदस्यलाई विशेष सुविधा** : (१) कुनै सदस्य दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न नसकि निजलाई सहयोगीको सेवा आवश्यक पर्ने भएमा जिल्ला समन्वय समितिले त्यस्तो सदस्यलाई एकजना सहयोगी उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको सहयोगीले पाउने सुविधा सम्बन्धित जिल्ला समन्वय समितिले तोके बमोजिम हुनेछ ।

८. **चाडपर्व खर्च र पोषाक भत्ता सम्बन्धी व्यवस्था**ः चाडपर्व खर्च र पोषाक भत्ता सम्बन्धमा सम्बन्धित जिल्ला सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

९. **भत्ता तथा सुविधा वापतको रकम भुक्तानी**ः (१) यस ऐन बमोजिम सदस्यले पाउने सुविधा वापतको रकम जिल्ला समन्वय समितिको कार्यालयबाट पाउनेछ । त्यस्तो रकम सम्बन्धित कार्यालयले सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

तर, बैठक भत्तावापतको रकम सचिवालय/कार्यालयबाट नगदै भुक्तानी दिन बाधा पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सदस्यले बैंक खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने सुविधा वापतको रकम जिल्ला समन्वय समितिको सचिवालय/कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

१०. **सुविधा नपाउने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेशबमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अबधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर, त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

११. **अनुसूचीमा हेरफेर गर्न सक्ने** : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सदस्यले पाउने सुविधा सम्बन्धी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१२. **अन्य सुविधा लिन नहुने** : जिल्ला सभाका सदस्यले यस ऐनबमोजिमको सुविधाबाहेक अन्य सुविधा लिन पाउने छैन ।

१३. **खारेजी र बचाउ** : यो ऐन लागू हुनु पूर्व कुनै पनि शीर्षकमा यस ऐनको अनुरुप हुने गरी सेवा सुविधा लिएको भए यसै ऐन बमोजिम भएको मानिनेछ र नलिएको भए लिन बाधा पर्ने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

[2]अनुसूची-१

(दफा ३ को उपदफा (१) र दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**जिल्ला समन्वय समितिका प्रमुख, उप प्रमुख र सदस्य तथा जिल्ला सभाका सदस्यले पाउने सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | समन्वय समिति सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोवाइल (मासिक) | रु. | ४००० | ४००० | २००० | |
| ३ | खाजा खर्च (मासिक) | रु. | ५५०० | ५५०० | २००० | |
| ४ | पुस्तक,पत्रपत्रिका,इन्टरनेट (मासिक) | रु. | २००० | २००० | १००० | |
| ५ | अनुगमन भत्ता (मासिक) | रु. | १४००० | १०००० | २५०० | |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | |
| ७ | आवास | | उपलब्ध गराउने | - | - | - |
| ८ | सरसफाइ, मर्मत सम्भार (मासिक) | रु. | ३००० | ३००० | १००० | |
| ९ | अतिथि सत्कार (मासिक) | रु. | १२००० | ८००० | ६५०० | |
| १० | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | १८०० | १२०० | |
| ११ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १२५ | १०० | ७५ | |
| १२ | यातायात खर्च (प्रति महिना) | रु. | सवारी साधन | सवारी साधन (सवारी साधन उपलब्ध नभए रु.१००००) | ४००० | |

**द्रष्टव्यः** जिल्ला समन्वय समितिमा मासिक अनुगमन भत्ता पाउने सदस्यले मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

---

[2] प्रदेश मन्त्रिपरिषद्द्वारा मिति २०७६।०३।०१ गते संशोधित

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १